


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३०० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ मंसिर ५ गते आइतबार ❑ 21 Nov. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## अदालतले जनताको विश्वास जितोस: अध्यक्ष ओली

**रासस**
**काठमाडौं, ४ मंसिर**

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले राजनीतिक हिसाबले देखिएको असहज परिस्थितिलाई लोकतान्त्रिक अभ्यासद्वारा सहज तुल्याउन आवश्यक रहेको बताउनुभएको छ।

परिवार दलको तेस्रो राष्ट्रिय महाधिवेशनको उद्घाटन गर्दै उहाँले जनताको सचेत प्रयासबाट लोकतन्त्रलाई साँच्चिकै लोकतान्त्रिक अभ्यासबाट अघि बढाउन जागरुक र एकताबद्ध हुन आवश्यक रहेको उल्लेख गर्नुभयो। अध्यक्ष ओलीले भन्नुभयो, "लोकतन्त्र कसैका लागि ठगेर खाने भाँडो बनाइनु हुन्न, अदालत निष्पक्ष, भरोसायोग्य, स्वतन्त्र र मर्यादित होस्, सेटिङमा नचलोस्, जनताको विश्वास जितोस् भन्नेमात्रै हाम्रो चाहना हो ।" न्याय नपाए गोरखा र काशी होइन, हाम्रो अदालत जानु भन्ने परिस्थिति बनोस् भन्ने चाहना रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "अदालत संविधान लेख्ने र संशोधन गर्ने ठाउँ होइन, व्याख्या गर्ने ठाउँ हो, संवैधानिक अदालतले व्याख्या मात्र गर्ने हो, हेरफेर गर्न र स्पष्ट लेखेका कुरालाई उल्लङ्घन गर्न सक्दैन ।" राजनीतिमा संलग्न हुन नहुने, तटस्थ बस्नुपर्ने संस्थाका विषयमा सेटिङका विषय आउन हुन्थेन भन्दै पूर्वप्रधानमन्त्री ओलीले भन्नुभयो, "न्यायमूर्तिले राजनीतिक पूर्वाग्रहबाट होइन, हामीले आन्दोलन गरेर ल्याएका संस्था सुसंस्कृत र लोकतान्त्रिक हुनुपर्छ, लोकतन्त्र भनेको कानुनको राज हो ।" पूर्व उपराष्ट्रपति परमानन्द झाले नेपाली राजनीतिमा सभ्य, शिष्ट र परिस्कृत राजनीतिक नेतृत्व रहेको परिवार दलले देश तथा जनताका हितका लागि काम गरोस् भनी शुभकामना दिनुभयो । उहाँले भन्नुभयो, "सबै धर्म र संस्कृतिलाई बराबरी स्थान दिँदै अघि बढेको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## माओवादी केन्द्रको कास्कीका वडा अधिवेशनमा सर्वसम्मत नेतृत्व चयन

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ मंसिर**

कास्कीका अधिकाँस वडामा शनिबार एकै दिन नेपाल कम्युनिष्ट पार्टी(माओवादी केन्द्र) को वडा अधिवेशन सम्पन्न भएका छन् ।

पोखरा महानगरपालिका र अन्नपूर्ण, मादी, रुपा र माछापुच्छ्रे गाउँपालिकाका गरी पाँच स्थानीय तहका ७२ वडा मध्ये एकाध बाहेक सबैमा अधिवेशन गरिएको सो पार्टीका जिल्ला इन्चार्ज राजकाजी गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार एक/दुई वडामा आन्तरिक तयारी नपुगेकाले अधिवेशन नभएपनि अन्य सबैमा अधिवेशनबाट नेतृत्व चयन गरिएको छ। पोखरा महानगर र गाउँपालिकाका अधिकाँस वडामा सर्वसम्मत नेतृत्व चयन गरिएको छ। केहीमा निर्वाचन प्रक्रिया चालू रहेको इन्चार्ज गुरुङले बताउनुभयो। उहाँले भन्नुभयो, "पार्टी केन्द्रको निर्धारित कार्यतालिका अनुसारनै कास्कीका सबै वडामा उत्साहजनक रुपमा अधिवेशन सम्पन्न भएका छन् । केहीमा बाहेक अन्यमा नेतृत्व समेत चुनिएको छ।"

नेकपा माओवादी केन्द्र पोखरा महानगरपालिका-१ मा रुद्र लुईटेलको अध्यक्षतामा ३५ सदस्सीय वडा कमिटी सर्वसम्मत चयन गरिएको छ। पोखरा-६ को अध्यक्षमा कृष्ण आचार्य चयन हुनुभयो। कमिटीको उपाध्यक्षमा नारायण सापकोटा, सचिवमा मदन पहारी, सहसचिवमा विजयकुमार प्रधान र कोषाध्यक्षमा



रमेश पहारी रहनुभएको छ । पोखरा-८ वडा मा हिराकाजी श्रेष्ठ अध्यक्ष रहनुभएको कमिटी निर्विरोध निर्वाचित भएको छ। उपाध्यक्षमा रामजी घिमिरे, सचिवमा हरिशचन्द्र मानन्धर, सहसचिवमा विवेक भुजेल र कोषाध्यक्षमा नानीमाया गुरुङ निर्वाचित हुनुभयो । अधिवेशनले १० जना महानगर प्रतिनिधिसमेत चयन गरेको छ । पोखरा महानगरपालिका-१६ को वडा कमिटीको अध्यक्षमा निर्मल आचार्य सर्वसम्मत निर्वाचित हुनुभएको छ । उपाध्यक्षमा गोमा परियार,सचिव जीवन बस्नेत,सहसचिव सविना राना र कोषाध्यक्ष भीमबहादुर गुरुङ रहनुभएको ४७ सदस्सीय कमिटी निर्वाचित भएको बताइन्छ। अधिवेशनबाट १४ जना महानगरपालिका अधिवेशनको प्रतिनिधि छनोट हुनुभएको अध्यक्ष आचार्यले जानकारी दिनुभयो। पोखरा महानगरपालिका-११ माओवादी केन्द्रको अध्यक्षमा मनोज रसाइली सर्वसम्मत चयन हुनुभयो । ४५ सदस्सीय कमिटीको उपाध्यक्षमा विष्णुप्रसाद आचार्य,सचिव चिन्तामणि खरेल, सहसचिव सरिता विक र कोषाध्यक्ष उषा विश्वकर्मा हुनुहुन्छ । पोखरा महानगरपालिका-२२ को प्रथम वडा अधिवशेनबाट नवराज बरालको अध्यक्षतामा ४५ सदस्सीय वडा कमिटी सर्वसम्मत चयन गरिएको छ। कमिटीको उपाध्यक्षमा कृष्णप्रसाद बराल, सचिवमा मीनराज बराल, कोषाध्यक्षमा कमला बराल र सहसचिवमा राजकुमार गुरुङ निर्वाचित हुनुभएको वडा ईन्चार्ज त्रिभूवन पौडेलले जानकारी दिनुभयो । पोखरा-३३

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कास्कीका छवटै क्षेत्रमा कांग्रेसका प्रदेश सभापति निर्वाचित

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ मंसिर**

सत्तारुढ नेपाली कांग्रेसको १४ औं महाधिवेशनअन्तर्गत कास्की प्रदेशसभाका छ निर्वाचन क्षेत्रमा शुक्रबार मतदानबाट नेतृत्व चयन गरिएको छ।

प्रदेश निर्वाचन क्षेत्रको पदाधिकारीसहित प्रदेश प्रतिनिधिका लागि भएको निर्वाचनको अबेर सम्पन्न मतगणनाबाट कास्की निर्वाचन क्षेत्र नं १(क)मा दुर्गाप्रसाद सुवेदी सभापतिमा निर्वाचित हुनुभयो । यसैगरी १ को (ख) बाट कृष्णप्रसाद कोइराला निर्वाचित हुनुभएको कास्की कांग्रेसले जनाएको छ।

क्षेत्र नं २ को (क)बाट दिनेश आचार्य सभापतिमा विजयी हुनुभयो। उपसभापतिमा माधवप्रसाद बराल र चेतबहादुर महत, सचिवमा टङ्कप्रसाद भण्डारी र नारायणप्रसाद शर्मा निर्वाचित हुनुभयो ।

यसैगरी क्षेत्र नं २ को (ख)बाट दीपेन्द्र मर्सानी सभापति निर्वाचित हुनुभयो । उपसभापतिमा सरिता पराजुली र होमबहादुर बानियाँ, सचिव सुवर्ण केसी र शिरषकुमार बास्तोला, सहसचिवद्वयमा निलम बाटाजु र सुरेश खवास निर्वाचित हुनुभएएको छ।

कास्की क्षेत्र नम्बर ३ को (क) बाट पुष्पेन्द्र पाण्डेले दीपकराज पौडेललाई पराजित गर्दै सभापतिमा निर्वाचित हुनुभएको छ । उपसभापतिमा मोतिराज तिमिल्सिना र दिलीप गिरी, सचिवमा गङ्गाबहादुर गुरुङ र प्रकाश सापकोटा र सहसचिवमा अनिल गुरुङ र विष्णुप्रसाद अधिकारी निर्वाचित हुनुभयो।

क्षेत्र नं ३ को (ख)बाट जीवनाथ पौडेल निर्वाचित हुनुभयो। प्रदेश अधिवेशनबाट सभापति र उपसभापति, सचिव र सहसचिव दुई/दुई जना निर्वाचित भएको जनाइएको छ।

## गणेश तथा भद्रकाली मन्दिर सेवा समितिको अध्यक्षमा योगेन्द्रमान

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ मंसिर**

पोखरा महानगरपालिका वडा नं १२/१३ स्थित श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समितिको ९ औं अधिवेशन तथा १८ औ साधारण सभाले योगेन्द्रमान श्रेष्ठलाइ अध्यक्षमा चयन गरेको छ।

शनिवार भएको अधिवेशनले २६ वर्षसम्म लगातार सचिवको कुशल जिम्मेवारी निभाएका श्रेष्ठलाइ अध्यक्षमा चयन गरेको हो । समितिको सदस्यहरुमा क्रमश गम वहादुर गुरुङ, शान्तकुमार श्रेष्ठ, लालवहादुर नेपाली, रामप्रसाद सिग्देल, दिपेन्द्रराज बस्ताकोटी, डिलाराम लामिछाने, वीरवहादुर थापा र हिरचन्द्र आचार्य रहेका छन् । समितिको पहिलो वैठकले कार्यविभाजन गरिने छ । पोखरा महानगरपालिका वडा नं १२ का वडा अध्यक्ष रामवहादुर कार्कीले




सभाको उद्घाटन गर्दै

श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समितिका अध्यक्ष टिकावहादुर कार्कीको अध्यक्षमा सम्पन्न भएको कार्यक्रममा समितिका पूर्व अध्यक्ष कुशुमराज आचार्य, सल्लाहकार सदस्य प्रा. तारा वराल, मिनवहादुर गुरुङ, शिववहादुर वराल, नादा तमु समाज वडा नं १२का अध्यक्ष चेतवहादुर गुरुङ, कवि बामनप्रसाद ढेवाजू लगायत वोलेको कार्यक्रममा सचिव योगेन्द्रमान श्रेष्ठले संचालन गरेका थिए । ज्ञानेन्द्रपसाद सिग्देलको संयोजकमा गठित निर्वाचन मण्डलले सर्वसम्मत रुपमा सम्पन गरेको थियो । निर्वाचन मण्डलको सदस्यमा गोविन्दप्रसाद सिग्देल रहेका थिए।

## देशको जटिल परिस्थितीको सामना माओबादीले मात्र गर्न सक्छ: मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ मंसिर**

गण्डकी प्रदेशका अर्थ मन्त्री एवं माओबादी केन्द्र गण्डकी प्रदेश सचिवालय सदस्य रामजी प्रसाद बराल जीवनले देशको जटिल परिस्थितीको सामना माओबादी केन्द्रले मात्र गर्न सक्ने बताउनु भएको छ। नेपाल कम्युनिष्ट पार्टी माओबादी केन्द्र पोखरा २२ को प्रथम वडा अधिवेसनको शनिबार उद्घाटन गर्दै मन्त्री बरालले उक्त कुरा बताउनु भएको हो।

माओबादी आन्दोलनबाट प्राप्त भएको संघिय लोकतान्त्रिक गणतन्त्रलाई हाल देशी तथा विदेशी शक्तिहरु समेत लागेको उल्लेख गर्दै मन्त्री बराललले अब प्राप्त उपलब्धीहरुलाई माओबादी बाहेक अन्य पार्टीले सामना गर्न नसक्ने दाबी गर्नु भएको हो । माओबादी कुनै हिसावले पनि हाल कमजोर नभएको उल्लेख गर्दै मन्त्री बराललले आगामी निर्वाचनमा जित्ने गरी तयारी गर्न नेता तथा कार्यकर्तालाई निर्देशन समेत दिनु भयो। सडक र सरकारमा समेत माओबादीले धेरै अनुभव लिने अवसर पाएकोले माओबादीमा धेरै लजनताले आस समेत गर्न थालेको मन्त्री बरालको भनाई थियो।

कम्युनिष्ट पार्टी एकता फेरी आवश्यक भएको उहाँको भनाई



थियो । ओली प्रबृत्ति बाहेकका कम्यूनिष्टहरु एक भई बाम गठबन्दन हुनुपर्ने मन्त्री बराललले बताउनु भयो । पोखरा २२ क्षेत्रमा मन्त्री भए लगत्तै करिब २ करोड ५० लाख भन्दा बढी बजेट विनियोजन भएकोले पुनः आधारभूत आवश्यताहरु पूरा गर्न निरन्तर लाग्ने मन्त्री बराललले जनाउनु भयो । पार्टीमा हुने लुट संस्कृतिकको अन्त्य गर्नुपर्ने यहाँको भनाई थियो। माओबादी केन्द्रका प्रदेश सदस्य केशव पौडेलले पार्टी भित्रका केही नेतामा भएको नराम्रो गतिविधि एवं व्यावहार त्याग्नु पर्ने बताउनु भयो । पोखरा २२ का पार्टी वडा इन्चार्ज त्रिभुवन पौडेलले पुम्दी भुम्दीबासीको जनजीवनमा परिवर्तन हुने कार्यक्रम ल्याउन मन्त्री समक्ष आग्रह गर्नु भयो । पार्टीकी पूर्व वडा सेक्रेटरी गोमा पौडेलले माओबादीले बिचमा बाटो बिराउदा जनतामा केही भ्रम भएको बताउनु भयो । उक्त अवसरमा पार्टीले तेज प्रसाद बराल, दण्डपानी बराल, भुवानी प्रसाद बराल, मधु बराल, केशव पौडेल लगायतलाई अभिनन्दन समेत गरेको सचिव कृष्ण बराललले बताए। माओबादी केन्द्र पोखरा २२ का अध्यक्ष चण्डीका प्रसाद बरालको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा स्वागत उपाध्यक्ष नवराज बराललले गर्नु भएको थियो।

यसैबिच, शनिबार सम्पन्न भएको प्रथम अधिवेसनबाट माओबादी केन्द्र पोखरा २२ वडा कमिटिको अध्यक्षमा नवराज बराल निर्वाचित भएका छन्। त्यसै गरी वडा कमिटिको उपाध्यक्षमा कृष्ण प्रसाद बराल, सचिवमा मिनराज बराल, कोषाध्यक्षमा कमला बराल, सहसचिवमा राजकुमार गुरुङ रहेका छन्। त्यसै गरी सदस्यहरुमा इश्वरी लामिछाने, नन्दलाल बराल, कृष्ण बि.क., मिन बहादुर गुरुङ, धुर्व पौडेल, राजेन्द्र प्रसाद बराल, तुल बहादुर गुरुङ, दीननाथ बराल, कृष्णप्रसाद बराल, सनतकुमार बराल, निर्मल बहादुर भुजेल, भ्याम बहादुर बि.क., ज्वारलाल सुनार, नरबहादुर खड्का, भगवान बास्तोला, दीपक बराल, दल बहादुर बि.क.,मीन बहादुर बाँस्तोला, उदय बहादुर खत्री, गणेश बहादुर घर्ती क्षेत्री, इन्द्र प्रसाद बराल, दुर्गा बि.क., अनुपम पौडेल, सन्तोसी थापा, कल्पना रसाइली, कोल बहादुर बि.क., जस्मिन नेपाली, कल्पना बराल, महेन्द्रराज बास्तोला, हेमराज बराल, जीवनाथ बराल, मिन बहादुर बि.क., प्रसाद गुरुङ, दीपेन्द्र बि.क., मुक्तिनाथ बराल र हेमराज पाठक रहेका छन् ।

त्यसै गरी ४५ कार्यसमिति मध्य बाँकी ४ सदस्य पछि थप हुने सचिव मिनप्रसाद बराललले बताउनु भयो । त्यस्तै पोखरा महानगरका प्रतिनिधिमा १० जनालाई चयन गरेको छ। चयन हुनेहरुमा चण्डकीका प्रसाद बराल, दण्डपानि बराल, गोपा पौडेल, कमल प्रसाद बराल, धमु प्रसाद बराल, कर्ण बहादुर बि.क., डेविड गुरुङ, मिन बहादुर बाँस्तोला, नर बहादुर खड्का र राजु बराल रहेका छन्। भवानी प्रसाद बरालको संयोजकत्वमा देविलाल बराल र मधुमाया बराल निर्वाचन कमिटिमा रहनु भएको थियो।



**सुक्तिसुधा**

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ । – फ्रेडरिक एंगेल्स

## सम्पादकीय

# कानुनको धज्जौ उडाउने काम

देशमा कानुनको शासनको वकालत गर्ने सत्ता गठबन्धनका शिर्ष नेताले नेपालमा दर्ता नभएका दुईवटा भारतीय टिभी च्यानललाई मान्यता दिएका छन । च् आस्था च्यानल र पतांजली यानल सञ्चालनमा आएका छन । आचार्य बालकृष्ण र रामदेवको लगानी रहेको भारतको हरिद्वारस्थित पतञ्जली आयुर्वेदले नेपालमा टीभी ल्याएको हो । आचार्य बालकृष्ण पतञ्जलीका अध्यक्ष छन । मण्डिखाटारस्थित पतञ्जली नेपालको आश्रममा नै यी दुई टीभीका कार्यालय स्थापना गरिएका छन् ।

यी दुई टीभीमा कति लगानी छ भन्ने स्पष्ट खुलेको छैन । भारतीय मिडियाले भारतीय कम्पनीले नेपालमा आस्था नेपाल र पतञ्जली टीभी ल्याउन लागेको समाचार सार्वजनिक गरिदिएका छन् । त्यहाँको दि इन्डियन एक्सप्रेस दैनिकले यी दुई च्यानल सञ्चालनमा दस हजार करोड भारतीय रुपैयाँ लगानी गर्ने समाचारमा जनाएको छ । पतञ्जलीले भारतमा आयुर्वेदिक सामान, मह, सर्फ, दन्तमञ्जन, आटा, साबुन, घिऊ लगायत अनगिन्ती दैनिक उपभोग्य सामान बिक्री गर्छ। पतञ्जलीलाई भारतीय जनता पार्टीको प्रत्यक्ष र परोक्ष सहयोग रहेको मानिन्छ । भारतीय जनता पार्टीका केन्द्रीय मन्त्री पतञ्जलीका कार्यक्रममा सहभागी भइरहेका हुन्छन् ।

योग र धर्मको आवरणमा पतञ्जलीले व्यापार र राजनीति गर्दै आएको छ । भारतमा योग शिविर सञ्चालन गर्ने पतञ्जलीले आयुर्वेदिक वस्तुको उत्पादन गरेर बेच्ने गरेको छ । पतञ्जलीले कोरोना महामारीका बेला कोरोना निको पार्ने भन्दै ल्याएको 'कोरोनिल' आयुर्वेदिक औषधि भारतमै विवादित बनेको थियो । जनस्तरबाट विरोध भएपछि भारत सरकारले कोरोनिल औषधि बिक्रीवितरणमा रोक लगाएको थियो । नेपालमा पनि कोरोनिलको व्यापार गर्ने प्रयास पतञ्जलीले गरेको थियो । तर उनीहरुको प्रयास सफल भएको थिएन ।

पतञ्जलीले नेपालमा पनि योग शिविर सञ्चालन गर्ने गरेको छ । बारम्बार नेपाल आइरहने रामदेव र आचार्य बालकृष्णले काठमाडौंको टुँडिखेल लगायत स्थानमा योग शिविर चलाउने गरेका छन् । पतञ्जलीले नेपालमा पनि दैनिक उपभोग्य सामग्रीको व्यापार गर्ने गर्छ। नेपालमा अहिले दुई च्यानल सञ्चालनमा ल्याएर पतञ्जलीले आफ्नो व्यापार प्रबर्द्धन गर्न खोजेको देखिन्छ। तर पतञ्जली नेपालका पदाधिकारी यो स्वीकार्न तयार छैन । प्रधानमन्त्री शेर बहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहाल, नेकपा एसका अध्यक्ष माधवकुमार नेपाल ,मन्त्रीहरू उपस्थित भएर हाम्रो शासन प्रणालीको धज्जी उडाउने काम गरेको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : आर्थिक समस्या |
| वृष | : मन चञ्चल | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : मानसिक तनाब |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शारीरिक झमेला |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


## सच्चाईएको

**यस पोखरापत्र राष्ट्रिय दैनिकको २०७८ कार्तिक २७ गते शनिबारको दिन प्रकाशित श्री अन्नपूर्ण मा.वि. पोखरा–१६ अर्मला, कास्कीको शिक्षक आवश्यकतासूचनामासम्पर्कमिति२०७८/०८/१३ गते सोमबार हुनुपर्नेमा अन्यथा भएकोले सच्चाईएको छ ।**

# मौसममा क्रमिक सुधार

**रासस**
**काठमाडौं, ४ मंसिर**

अरब सागरमा बनेको न्यून चापीय क्षेत्रको आंशिक प्रभावले विगत तीनदिनदेखि बिग्रिएको नेपालको मौसममा शनिबारदेखि क्रमिकरुपमा सुधार आएको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

यद्यपि उक्त मौसमी प्रणालीको आंशिक प्रभाव कायमै रहेकाले सुदूरपश्चिम, कर्णाली, लुम्बिनी र गण्डकी प्रदेशका एक/दुई स्थानमा हल्का वर्षा हुनका साथै उच्च पहाडी तथा हिमाली भू-भागका थोरै स्थानमा हल्कादेखि मध्यम हिमपातको सम्भावना रहेको छ । राजधानी काठमाडौँसहित देशका अधिकांश स्थानमा लगातारको बदली हटेको छ । काठमाडौँ उपत्यकामा बिहानैदेखि पारिलो घाम लागेकाले विगतका दिनभन्दा केही न्यानो महशुस गरिएको छ । आज काठमाडौँको अधिकतम तापक्रम तापक्रम १९ दशमलव ५ र न्यूनतम तापक्रम ७ दशमलव ८ डिग्रि सेल्सियस रहेको छ। यही मङ्सिर २ गतेदेखि देशका अधिकांश स्थानमा बदली र उच्च हिमाली भेगमा हल्का हिमपात भएको थियो। महाशाखाका अनुसार अहिले देशका सुदूरपश्चिम, कर्णाली, लुम्बिनी र गण्डकी प्रदेशका भू-भागमा सामान्य बदली रही बाँकी प्रदेशका भूभाग आंशिकदेखि सामान्य बदली रहेको छ। सुदूरपश्चिम, कर्णाली, लुम्बिनी र गण्डकी प्रदेशका एक/दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ। देशका उच्च पहाडी तथा हिमाली भू-भागका थोरै स्थानमा हल्कादेखि मध्यम हिमपातको सम्भावना रहेको छ।

रातिको समयमा पनि सुदूरपश्चिम, कर्णाली, लुम्बिनी र गण्डकी प्रदेशका भू-भागमा सामान्य बदली रही बाँकी प्रदेशका भू-भाग आंशिकदेखि सामान्य बदली रहनेछ। गण्डकी र कर्णाली प्रदेशका एक/दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ। देशका उच्च पहाडी तथा हिमाली भू-भागका थोरै स्थानमा हल्कादेखि मध्यम हिमपातको सम्भावना रहेको छ।

आइतबार पनि देशका पहाडी भु-भागमा सामान्य बदली रही काँकी भू-भागहरुमा आंशिक बदली रहनेछ । बागमती, गण्डकी र प्रदेश नं १ का उच्च पहाडी तथा हिमाली भू-भागका थोरै स्थानहरुमा हल्का हिमपातको सम्भावना रहेको छ।

# रेशम गिरीको उपन्यास 'चक्रधूम' पोखरामा विमोचन

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ मंसिर**

'चक्रधुम' शनिबार पोखरामा विमोचन गरियो। यो लेखक रेशम गिरीको पहिलो उपन्यास हो । उपन्यास नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्व कुलपति सरुभक्तकोहातबाट विमोचन गरिएको हो ।

'चक्रधूम' परिबन्धमा परी अदालतद्वारा दोषी ठहर भएका कैदीको कथामा आधारित सामाजिक उपन्यास भएको लेखक रेशम गिरी बताउनुहुन्छ। असुरक्षित नारीहरूका समस्यालाई प्रस्तुत गरेको उपन्यासमा बच्चादेखि वृद्धासम्मले भोग्नुपरेको त्रासदीपूर्ण अवस्थाको चित्रण गरिएको छ । समाजमा अन्याय सहेर बस्न विवश नारीहरूका पीडा र अपराधीका चलाखीपूर्ण व्यवहारले आहत मनमा परेको गहिरो घाउको मार्मिक वर्णन उपन्यासमा पाइन्छ।

अपराधीहरूको चलखेल, कानुनका छिद्रको प्रयोगद्वारा पाइने सफाइ र पीडितहरू पीडकबाट झनै असुरक्षित रहनुपर्ने सामाजिक बाध्यतालाई कौतुहलपूर्ण तरिकाले यसमा पस्कन खोजिएको छ । गण्डकी प्रज्ञा प्रतिष्ठानको आयोजनामा भएको कृति लोकापर्ण कार्यक्रममा बोल्दै बरिष्ठ साहित्यकार सरुभक्तले अदालत भित्रका विषयवस्तुमा कमै मात्र पुस्तक प्रकाशन हुने



गरेको भन्दै श्रष्टा गिरीले गरेको प्रयास प्रति प्रशंसा व्यक्त गर्नुभयो। उपन्यास भित्र पाठकले नयाँ स्वाद भेट्ने विश्वास उहाँको थियो ।

गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्य खड्का विखर्चीको अध्यक्षतामा भएको कार्यक्रममा श्रष्टा परिचय डोलराज अर्यालले गराउनुभयो । उहाँले श्रष्टा गिरीको बहुआयमिक प्रतिभा तथा उपन्यास चक्रधुमलाई आर्कषक बनाउन गरेको प्रयासका बारेमा बेलिविस्तार लगाउनुभयो । उपन्यासका बारेमा आफ्नोआत्मानुभुतीसहितकोचर्चा गर्दै डा.भुमिराज बस्ताकोटीले केही रमाइला प्रसंग सुनाउनुभयो। पोखरा महानगरपालिका वडा नम्बर २४ का वडाध्यक्ष ओमप्रसाद सुवेदीले लेखक गिरी कास्कीकोटको अमूल्य सम्पत्ती भएको बताउनुभयो ।

गिरीको सक्रियता र मेहनत सबैका लागि अनुकरणीय हुने गरेको उहाँको भनाई थियो। गण्डकी प्रज्ञा प्रतिष्ठानका परिषद सदस्य कृष्ण प्रसाद पौडेलले सञ्चालन गरेको कार्यक्रममा उपकुलपति गोरे गुरुङले स्वागत मन्तव्य राख्नुभएको थियो । प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठले गण्डकी प्रज्ञा प्रतिष्ठानले पहिलोपटक पुस्तक विमोचन गरेको बताउँदै यो कार्यक्रमलाई निरन्तरता दिइने प्रष्ट्याउनुभयो । उहाँले गण्डकी प्रज्ञा प्रतिष्ठानले अहिलेसम्म गरेका काम र आगामी दिनमा गर्ने कामको बारेमा समेत प्रकाश पार्नुभयो । उपन्यासको प्रकाशन बिएन पुस्तक संसार काठमाण्डौले गरेको हो । बिएन पुस्तक संसारका कार्यकारी निर्देशक सूर्य बीसी उपन्यासले पाठकको मनजित्नेमा विश्वस्त देखिनुहुन्छ।

अदालतले दोषी करार गरेका तर निर्दोष कैदीहरुले फजुलमा खेपेको अत्यासलाग्दो सास्तीको कथा उपन्यासमा आर्कषक तरिकाले प्रस्तुत गरिएको उहाँको भनाई छ । त्यसोत लेखक गिरीले आफ्नो लेखनकलाको माध्यमबाट साहित्य क्षेत्र तथा शिक्षण क्षेत्रमा बेग्लै पहिचान बनाउनु भएको छ । 'संविधान' मुक्तक सङ्ग्रह उहाँको पहिलो प्रकाशित सहित्यिक कृति थियो भने अनिवार्य नेपाली अभ्यास पुस्तक कक्षा १०, नेपाली व्याकरण बोध अभिव्यक्ति र प्रयोगात्मक अभ्यास कक्षा ८, शिक्षक सेवा आयोग परिक्षा सफलता मञ्च सामाजिक अध्ययन माध्यमिक तह र निम्नमाध्यमकि तह, मेरो एसईई सामाजिक अध्ययन र अभ्यास, सामाजिक अध्ययन तथा मानव मुल्य शिक्षा, मेरो सजिलो सामाजिक अध्ययन र अभ्यास कक्षा ८ र कक्षा ९ शिक्षासँग सम्बन्धित उहाँका प्रकाशित पुस्तकहरू हुन् । लेखक गिरीको जन्म कास्की जिल्लाको रमणिय गाउँ कास्कीकोटमा भएको हो ।

हाल उहाँ न्याय सेवामा कार्यरत हुनुहुन्छ । शिक्षा र साहित्यको क्षेत्रमा क्रियाशिल उहाँसँग राजधानी राष्ट्रिय दैनिक पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखराको क्षेत्रीय प्रमुख, कालिका उच्च माध्यमिक विद्यालय कास्कीकोटको सहायक प्राचार्य, शैक्षिक जनशक्ति विकास केन्द्र पोखराको सामाजिक अध्ययन विषयको रोष्टर प्रशिक्षक, कास्कीकोट दिग्दर्शनको सम्पादकसमेतको अनुभव छ।

# तनहुँका तीन प्रदेश क्षेत्रमा निर्वाचन, एकमा सर्वसम्मत

**पोखरापत्र संवाददाता**
**दमौली, ४ मंसिर**

नेपाली कांग्रेसको १४ औं महाधिवेशनअन्तर्गत तनहुँका चार प्रदेशसभा क्षेत्रमा नेतृत्व चयन भएको छ । तीन वटा प्रदेशसभा क्षेत्रमा निर्वाचनबाट र एउटा प्रदेशसभा क्षेत्रमा सर्वसम्मत रुपमा नेतृत्व चयन भएको हो।

तनहुँ क्षेत्र नम्बर १ (क), (ख), तनहुँ क्षेत्र नम्बर २ (क) मा निर्वाचन भएको हो भने तनहुँ क्षेत्र नम्बर २ (ख) मा सर्वसम्मत नेतृत्व चयन भएको छ। निर्वाचन भएका तीन वटा क्षेत्रमा शनिबार मतगणना सकिएको छ। नेपाली कांग्रेस तनहुँ क्षेत्र नम्बर १ (क) को सभापतिमा विश्वेश्वर खनाल निर्वाचित हुनुभएको छ। आज बिहान सम्पन्न मतगणनाअनुसार २९० मत प्राप्त गर्दै खनाल सभापतिमा निर्वाचित हुनुभएको हो । उहाँका प्रतिस्पर्धी शेष मोहम्मद हनिफ (गोरा मियाँ) ले २१६ मत प्राप्त गर्नुभएको छ। यसैगरी उपसभापतिमा बलबहादुर पोखरेल, राजु खड्का, सचिवमा इश्वरप्रसाद पौडेल र हरिप्रसाद ढकाल, सहसचिवमा माधव न्यौपाने र मिनबहादुर गुरुङ निर्वाचित हुनुभएको छ । प्रदेश प्रतिनिधिमा कमल पण्डित, चिरञ्जीवी अधिकारी, ज्योति श्रेष्ठ, तुलसीराम सापकोटा, बाबुराम बगाले, सुरेश थापा, हरिदत्त पौडेल, एजिला ढकाल, कान्छीमाया तामाङ, तीर्थमाया पौडेल, ओजराज पौडेल, विद्या जिसी, अमर गुरुङ, मनिलाल श्रेष्ठ, केशकुमारी राना मगर र बुद्धकुमार परियार विजयी हुनुभएको छ । तनहुँ क्षेत्र नम्बर १ (ख) को सभापतिमा काजीमान श्रेष्ठ निर्वाचित हुनुभएको छ। आज बिहान सकिएको मतपरिणाम अनुसार २२० मत प्राप्त गरी श्रेष्ठ सभापतिमा विजयी हुनुभएको हो । उहाँका प्रतिस्पर्धी राजेन्द्र पियाँले १५४ मत प्राप्त गर्नुभएको छ । उपसभापतिमा बाबुराम श्रेष्ठ २२५ मत र राधादेवी खनाल १९० मत प्राप्त गरी विजयी हुनुभएको छ। सचिवमा लक्ष्मीकान्त मिश्र १९६ मत र हरिशरण खनाल १८४ मत प्राप्त गरी विजयी हुनुभएको छ। सहसचिवमा गोपाल थापा २२४ मत र राजु पौडेल १८२ मत प्राप्त गरी विजयी हुनुभएको छ।

प्रदेश प्रतिनिधिमा पवित्रा गौली, विद्या खनाल, शान्ता बास्तोला, कर्णबहादुर गुरुङ, निमबहादुर मगर, प्रेमबहादुर गुरुङ, सुवास अधिकारी, मदन पण्डित, तुलक कैनी, गिरबहादुर थापा, महेश भट्टराई, पन्चमाया गुरुङ, विमला थापा, तम बहादुर दरै, बिपीन गुरुङ, अमृत नेपाली र चित्तबहादुर थापा विजयी हुनुभएको छ। तनहुँ २ (क) को सभापतिमा जितराज राना विजयी हुनुभएको छ। आज बिहान सकिएको मत परिणाम अनुसार राना सभापतिमा विजयी हुनुभएको हो । पदाधिकारी तथा प्रदेश प्रतिनिधिमा पनि रानाको प्यानल विजयी भएको छ। रानाले २३८ मत प्राप्त गर्नुभएको छ भने प्रतिस्पर्धी हिराबहादुर थापाले १८१ मत प्राप्त गर्नुभएको छ।

उपसभापतिमा पशुपति क्षेत्री (२२९) र रेशमलाल पौडेल (२४६) विजयी हुनुभएको छ । सचिवमा राजेशकुमार श्रेष्ठ (२४४) र हरि भण्डारी (२२४) विजयी हुनुभएको छ । सहसचिवमा केशबहादुर थापा (२३६) र मुक्तिप्रसाद सापकोटा (२२६) विजयी हुनुभएको छ । प्रदेश प्रतिनिधिमा तुलबहादुर गुरुङ, रविचन्द्र पौडेल, लोकेन्द्र थापा, श्रीबहादुर थापा, शिवबहादुर आले, शिवशरण वाग्ले र समुन्द्रराम श्रेष्ठ मत प्राप्त गरी विजयी हुनुभएको छ। यसैगरी बासना श्रेष्ठ, बिना खनाल र सुलोचना गौतम मत प्राप्त गरी विजयी हुनुभएको छ । यसैगरी जुक्तराज वाग्ले, निशादेवी पौडेल, अन्जनकुमार श्रेष्ठ, हीरालाल गुरुङ, सीता कुमाल, डोलबहादुर सुनार निर पुनः गरी विजयी हुनुभएको छ। तनहुँ क्षेत्र नम्बर २ प्रदेश (ख) को सभापतिमा इन्द्रबहादुर आले निर्विरोध निर्वाचित हुनुभएको छ । दुई उपसभापतिमा इमानसिंह थापा र आनन्ददेव श्रेष्ठ निर्विरोध निर्वाचित हुनुभएको छ। सचिवमा सुशील कुमार श्रेष्ठ र अशोक गिरी, सहसचिवमा चुननारायण श्रेष्ठ र माधव लम्साल निर्विरोध निर्वाचित हुनुभएको छ । यसैगरी प्रदेश अधिवेशन प्रतिनिधिमा विष्णुविर थापा, नारायणप्रसाद भट्टराई, ध्रुवकुमार श्रेष्ठ, सीता कुमाल, मदन थापा, मीरा आले थापा, श्रीराम आले, मथुराकृष्ण श्रेष्ठ, राजेन्द्र अर्याल, भविसरा आले, विजयराज सुवेदी, पदमबहादुर थापा, तिलिसिरा थापा, रोमाया थापा, प्रभात आले, कुलबहादुर सुनार र चिनबहादुर आले निर्विरोध निर्वाचित हुनुभएको छ।

# नेपालको धार्मिक पर्यटनको निःशुल्क प्रचार गर्छु : रामदेव

**रासस**
**काठमाडौं, ४ मंसिर**

भारतीय योगगुरु रामदेव बाबाले नेपाल वैदिक सनातन एव धार्मिक संस्कृतिले धनी अद्वितीय देश हो भन्दै आफूले यहाँको धार्मिक तथा आध्यात्मिक पर्यटनको भारतमा निःशुल्क प्रचार गर्ने बताउनुभएको छ।

शनिबार बिहान चन्द्रागिरि डाँडामा योग ध्यान तथा प्रशिक्षण गरेपछि प्रतिक्रिया दिँदै उहाँले भन्नुभयो, "नेपाल पशुपतिनाथ, मुक्तिनाथको देश हो, यो सीता माता र भगवान गौतमबुद्ध जन्मिएको धर्ती हो, म नेपालको यो धार्मिक तथा आध्यात्मिक पर्यटनको व्यापक प्रचार गर्छु, निःशुल्क प्रचार गर्छु।" उहाँले नेपालमा आएर यस्ता पक्षको अध्ययन गर्न तथा धार्मिक पर्यटनका साथै यहाँको हिमालय क्षेत्र र स्वच्छ हावापानीबाट लाभान्वित हुन भारतीय पर्यटकलाई आग्रह पनि गर्नुभयो । नेपाल कैयौं ऋषिमुनिको जन्मभूमि र तपोभूमि भएको स्मरण गर्दै उहाँले नेपालको धर्ती योग तथा ध्यानका लागि संसारकै उत्कृष्ट धर्ती हो भन्नुभयो। रामदेव बाबाले नेपाल एकीकरणका अभियन्ता पृथ्वीनारायण शाहप्रति सम्मान प्रकट गर्नुभयो । उहाँले भन्नुभयो, "नेपाल एकीकरण गर्ने पृथ्वीनारायण शाहप्रति मेरो नमन छ, जसरी मेरो भारतका बल्लव भाई पट्टेलप्रति सदैव श्रद्धा रही आएको छ।

उहाँले चन्द्रागिरि हिल्सको धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा यहाँको प्राकृतिक सुन्दर पक्षको बयान गर्नुभयो । उहाँले भन्नुभयो "हिमशृङ्खला देखिने यस डाँडाको स्वच्छ हावा र प्राकृतिक सुन्दर पक्षका कारण योग तथा ध्यान गर्ने यो एक पुण्य भूमि हो भन्ने भलाई लाग्यो, यस्ता अलौकिक स्थान र सम्पदा नेपालमा मात्र छन्, त्यसैले नेपाल एक पुण्य भूमि हो। उहाँले भारतीय अध्यात्मिक व्यक्ति एवं पर्यटकलाई नेपाल आउन र यहाँ आएका बेला चन्द्रागिरि नछुटाउन आग्रह पनि गर्नुभयो।

# बागलुङ नगरका नौ वडामा माओवादी केन्द्रको नयाँ नेतृत्व

**पोखरापत्र संवाददाता**
**वालिङ, ४ मंसिर**

नेकपा (माओवादी केन्द्र)ले बागलुङ नगरपालिकाका नौ वडामा अधिवेशनमार्फत नयाँ नेतृत्व चयन गरेको छ। पार्टीको राष्ट्रिय सम्मेलनपूर्व आज देशभरका वडामा एकसाथ अधिवेशन गर्ने कार्यतालिका थियो।

नगरका कूल १४ वडामध्ये बाँकी रहेका पाँच वडामा केही दिनभित्रैमा अधिवेशन हुने पार्टीको नगर कमिटीका अध्यक्ष इन्द्र केसी 'पारस'ले जानकारी दिनुभयो । उहाँका अनुसार बागलुङ-१ मा सुरेन्द्र बोहोरा अध्यक्ष र रमेश थापा सचिव रहनुभएको २९ सदस्यीय वडा कमिटी सर्वसम्मत चयन भएको छ । वडा नं २ मा सूर्य महतको अध्यक्षतामा १५ सदस्यीय कमिटी निर्माण भएको छ।

सचिवमा विवेक जिसी रहनुभएको छ । वडा नंद ४ मा बिजुली केसी अध्यक्ष र शिव शर्मा सचिव रहेको २१ सदस्यीय वडा कमिटी चयन भएको छ। त्यसैगरी वडा नं ६ मा भवानीशङ्कर सापकोटाको अध्यक्षतामा २९ सदस्यीय कमिटी अधिवेशनबाट चुनिएको जनाइएको छ । सो वडाको सचिवमा शान्ता नेपाली रहनुभएको छ। वडा नं ५ मा टेकबहादुर केसीको अध्यक्षतामा सात सदस्यीय, ८ मा टोपबहादुर खड्काको अध्यक्षतामा २९ सदस्यीय र ९ मा टीकाराम पौडेलको अध्यक्षतामा १९ सदस्यीय कमिटी अधिवेशनबाट चुनिएको छ । यस्तै वडा नं १३ पैँयूपाटामा रेशम केसीको अध्यक्षतामा २९ सदस्यीय वडा कमिटी सर्वसम्मत चयन भएको नगर कमिटी अध्यक्ष केसीले बताउनुभयो । उक्त कमिटीको सचिवमा भीमप्रसाद रेग्मी रहनुभएको छ। वडा नं १२ अमलाचौरमा परमानन्द शर्माको अध्यक्षतामा २९ सदस्यीय कमिटी चयन भएको छ । सचिवमा दुर्गा विक रहनुभएको जनाइएको छ। पार्टीको जिल्ला समन्वय समितिका संयोजक ज्ञामनाथ गैरे 'अनिल'ले अधिकांश वडामा आजै अधिवेशनबाट नयाँ नेतृत्व चुनिएको बताउनुभयो । व्यवस्थापकीय तयारी नपुगेका कारण आज हुन नसकेका वडामा पनि तत्कालै अधिवेशन हुने उहाँको भनाइ छ । जिल्लामा ८५ वडा छन् ।

# लायन्स क्लवद्धारा शैक्षिक सामाग्री हस्तान्तरण

पोखरापत्र संवाददाता
पोखरा, ४ मंसिर



लायन्स क्लव अफ पोखरा गतिशिल र पोखरा गतिशिल स्टारको आयोजनामा कास्कीको मादी गाउँपालिका ४ स्थित ध्रुव माविमा छात्रबृत्ति, शैक्षिक सामाग्री वितरण एवं पुस्तकालय हस्तान्तरण गरेको छ।

शुक्रबार एक समारोहका बिच क्लवका पदाधिकारीहरुले बिद्यालयका प्रध्यानाध्यापक रामबहादुर चापागाईलाई उक्त शैक्षिक सामाग्रि एवं पुस्तकालय हस्तान्तरण गरिएको कार्यक्रम संयोजक दामोदर सापकोटाले बताउनु भयो।

लायन्स मनरम फाण्डेसन पुस्तकालय ५० हजारको लागत स्थापन गरिएको छ भने एक लाखको अक्षयकोष स्थापना गरिएको छ।

कक्षा १ देखि ४ सम्मका ३५ जना बिद्यार्थीलाई शैक्षिक सामाग्रि(झोला, कापी, कलम) वितरण गरिएको गतिशिल स्टारका अध्यक्ष केशव शर्मा सापकोटाले बताउनु भयो । पढाऔं अभियान गण्डकीका प्रमुख नवराल पौडेलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको कार्यक्रममा मादी गाउँपालिका ४ का वडा अध्यक्ष सत्यराज सापकोटाको बिशेष उपस्थिती रहेको थियो। गतिशिलका अध्यक्ष बिदुर प्रसाद कोइरालाको अध्यक्षमा सम्पन्न भएको थियो।

# मानन्धर परिवारद्धारा सहयोग वितरण

पोखरापत्र संवाददाता
पोखरा, ४ मंसिर



धार्मिक सामाजिक क्षेत्रका अग्रज स्वर्गीय बद्रीनारायण मानन्धर कृष्ण माया मानन्धरको स्मुतिमा मानन्धर परिवारद्धारा न्यानो कपडा सहयोग गरेको छ।

राष्ट्रिय परोपकार महासंघ द्धारा संचालित गुरुकुलका विद्यार्थीहरुका लागि न्यानो कपडा तथा नगद १५ हजार परिवारका जेष्ठ सदस्य सोमनारायण मानन्धरले महासंघका केन्द्रीय अध्यक्ष कमलनयन गौतमलाई बितरण गरिएको छ । कार्यक्रममा महासंघ अध्यक्ष कमलनायन गौतमले धार्मिक सामाजिक कार्यमा हुने सहयोगले स्वार्गीय आत्माले शान्ति प्राप्त हुने हुदाँ परिवारमा सुख शान्ति प्राप्त हुने बताए।

पोखरामा केन्द्रीय कार्यालय रही देशैभर शाखा कार्यालयहरु, गौसला, गुरुकुल, जेष्ठ नागरीक आश्राम तथा सेवा केन्द्रहरु धार्मिक क्षेत्र संरक्षणका कार्यहरु गदै आएको छ। सहयोग बितरण कार्यक्रममा परिवारका सदस्य उपप्राध्यापक इन्द्र कमल मानन्धर, सराङकोट बहुउद्देश्यीय सहकारी सस्थाका अध्यक्ष कृष्ण बहादुर थापा, शुसिला देबी मानन्धर चन्द्रमलक्ष्मी मानन्धर , मिरज मानन्धर लगायतले आ आफ्नो धाराणा राखेका थिए।

# स्याङ्जाका चारवटै प्रदेश क्षेत्रमा सभापति निर्वाचित

पोखरापत्र संवाददाता
वालिङ, ४ मंसिर

नेपाली कांग्रेसको १४ औं महाधिवेशनअन्तर्गत स्याङ्जाका चारवटै प्रदेशसभामा सभापतिसहितको पदाधिकारी निर्वाचित भएका छन्।

शुक्रबार सम्पन्न अधिवेशनबाट स्याङ्जा क्षेत्र नं १ प्रदेशसभा क को सभापतिमा केशरबहादुर खाँण (ध्रुब), ख मा प्रकाश तिवारी, २ को क मा अर्जुनप्रसाद खनाल र ख मा महेश भट्टराई निर्वाचित हुनुभएको हो।

स्याङ्जा २ क मा अर्जुनप्रसाद खनाल ३२७ मतसहित विजयी हुनुभएको छ। उहाँका प्रतिस्पर्धी विद्या श्रेष्ठले २५१ मत प्राप्त गर्नुभयो । त्यस्तै उपसभापतिमा कुलबहादुर गुरुङ, भविश्वर कोइराला, सचिवमा डण्डापानी पङ्गेनी, अमृत अर्याल, सहसचिवमा दिक्षान्तप्रताप खाँण, बोधराज कुँवर निर्वाचित हुनुभएको हो । कूल ५९८ मतदाता रहेकोमा ५९३ मत खसेको थियो।

त्यसैगरी २ ख मा महेश भट्टराई विजयी हुनुभएको छ । भट्टराईले ३८२ मतसहित विजयी हुँदा उहाँका प्रतिस्पर्धी कमलप्रसाद रेग्मीले १७४ मत प्राप्त गर्नुभयो।

उपसभापतिमा सर्वसम्मतबाट टीकाराम तिवारी र खगीसरा आले निर्वाचित हुनुभएको हो । सचिवमा निर्वाचनबाट गोकर्णप्रसाद भट्टराई, रमेश बस्याल, सहसचिवमा विश्वप्रकाश भट्टराई र माया भट्टराई निर्वाचित हुनुभएको हो।

# ७६ प्रतिशत भूकम्पपीडितका निजी आवास पुन:निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, ४ मंसिर

छ वर्षअघिको भूकम्पका कारण भत्किएका म्याग्दीका ७६ प्रतिशतभन्दा बढी निजी आवास पुनःनिर्माण गरिएको छ।

विसं २०७२ को भूकम्पका कारण भत्किएका घर पुनःनिर्माणका लागि सम्झौता गरेका ७६दशमलव ५७ प्रतिशत लाभग्राहीले अन्तिम तथा तेस्रो किस्ता अनुदान लगेका जिल्ला आयोजना कार्यान्वयन इकाइ (आवास तथा भवन इकाइ) ले जनाएको छ।

आयोजनाका प्रमुख वीरबल सुनारले पहिलो किस्ता लगेका ९८६ मध्ये हालसम्म ७५५ ले निजी आवास पुनःनिर्माण गरी सकेका जानकारी दिनुभयो। "एक हजार ६५ लाभग्राही पहिचान भएकामा ७९ जनाले सम्झौता नै गर्नुभएन", उहाँले भन्नुभयो, "१८७ लाभग्राही अझैसम्म दोस्रो किस्ता अनुदान लिन आउनुभएको छैन।"

यही मङ्सिर महिनाभित्र घर पुनःनिर्माण सकेर तेस्रो किस्ता अनुदान लिन नआउनेलाई लाभग्राहीको सूचीबाट हटाइने आयोजना प्रमुख सुनारले बताउनुभयो । विसं २०७४ मङ्सिरदेखि जिल्लाका हरेक स्थानीय तहमा प्राविधिक कर्मचारी खटाइ घर पुनःनिर्माण सुरु गरिएको थियो।

सम्झौतालगत्तै पहिलो किस्ताबापत रु ५० हजार, दोस्रो किस्तावापत डिपिसी गरेपछि रु एक लाख ५० हजार र भवन बनाएपछि अन्तिम किस्ताबापत रु एक लाख अनुदान उपलब्ध गराउने कार्यविधि छ । दोस्रो किस्ता लगेर तेस्रो किस्ता लिने प्रक्रियामा रहेकाको सङ्ख्या २४ छ । पहिलो किस्ता लगेर घर पुनःनिर्माण सुरु गरे पछि दोस्रो किस्ता लिनै नआएकालाई ताकेता गरिएको छ।

भूकम्पले चर्किएको पहाड खसेर पुरिएको रघुगङ्गा गाउँपालिका-२ र अन्नपूर्ण गाउँपालिका-८ मा पर्ने बैसरीलाई जोखिम बस्ती पहिचान गरी अन्यत्र जग्गा नभएका तीन घरधुरीलाई जग्गा खरिदका लागि अधिकतम थप रु दुई लाखका दरले उपलब्ध गराइएको थियो। यसैगरी पिप्लेका एक जनाले पनि जग्गा खरिदका लागि अनुदान पाउनुभएको छ।

बेनी नगरपालिका-४ सिङ्गाका दुई परिवारलाई जिल्ला सहजीकरण समितिको निर्णयअनुसार सार्वजनिक जग्गामा घर निर्माण गरी बसोबास गराइएको थियो । बयासी जना प्रवलीकरण लाभग्राही भएकामा ४० लाभग्राही पुनःनिर्माणमा परिवर्तन गराइ घर पुनःनिर्माण गरेका छन्।

# सडक दौड प्रतियोगितामा प्रशान्त र बिनु प्रथम

पोखरापत्र संवाददाता
पोखरा, ४ मंसिर

अन्तर्राष्ट्रिय बाल दिवसको उपलक्ष्यमा जिल्ला खेलकुद विकास समिति कास्कीद्वारा शनिबार पोखरामा आयोजित विद्यालयस्तरीय सडक दौड प्रतियोगिताको छात्रछात्रातर्फ प्रशान्त विश्वकर्मा र बिनु विश्वकर्मा प्रथम भएका छन्।

लेकसाइडस्थित डिहिकोपाटनचोकबाट सुरु भई फेवातालको शिर खपौदिसम्मको तीन किलोमिटर छात्रतर्फ द्वितीय पवन क्षेत्री, तृतीय निशान पुन र आशिस रानाले सान्त्वना पुरस्कार प्राप्त गरेका थिए। त्यसैगरी छात्रातर्फको उक्त सडक दौड प्रतियोगतामा अनु भण्डारी, बालकुमारी विश्वकर्मा, सोनिया परियार क्रमशः द्वितीय, तृतीय र चौथो स्थान हासिल गर्न सफल भएका थिए। प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय तथा चौथो हुने विद्यार्थीले क्रमशः रु १० हजार, रु सात हजार, रु पाँच हजार र रु दुई हजारसहित मेडल र प्रमाणपत्र प्राप्त गरेका थिए । प्रतियोगतामा पाँचौंदेखि २५औं स्थानसम्म प्राप्त गर्ने छात्रछात्रालाई मेडलको व्यवस्था गरिएको थियो । गण्डकी प्रदेशका निवर्तमान अर्थमन्त्री एवम् नेपाल कम्युनिष्ट पार्टी (एमाले) गण्डकी प्रदेशका संयोजक किरण गुरुङले प्रतियोगितामा विजयी छात्रछात्रालाई पुरस्कृत गर्दै खेलकुदले शारीरिक एवम् मानसिक विकासमा महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । कोरोनाका कारण लामो समयसम्म अनलाइनमार्फत अध्ययनरत विद्यार्थीका लागि यस्ता प्रतियोगिताले उत्साह थप्ने जनाउँदै उहाँले प्रतियोगतामा विजयी हुनुभन्दा पनि सहभागिता जनाउनु महत्वपूर्ण भएको उल्लेख गर्नुभयो।

जिल्ला खेलकुद विकास समितिका अध्यक्ष तोरण बानियाँले यस्ता प्रतियोगिताले नयाँ खेलाडी जन्माउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । प्रतियोगितामा जिल्लास्थित सामुदायिक एवम् संस्थागत विद्यालयका १६ वर्षमुनिका ५०० भन्दा बढी छात्रछात्राको सहभागिता थियो।

# थप २४२ मा संक्रमण

रासस
काठमाडौं, ४ मंसिर

देशभर पछिल्लो २४ घण्टामा थप २४२ जनामा कोभिड-१९ को सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो समय सात हजार १३६ को परीक्षण गर्दा उक्त सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो।

यससँगै नेपालमा पिसीआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या आठ लाख १८ हजार ७८७ पुगेको छ । एन्टिजेन परीक्षण गर्नेको सङ्ख्या ९५ हजार ३०८ जना रहेको छ । आज ४४४ जना निको भएका छन् । यससँगै निको हुनेको सङ्ख्या सात लाख ९९ हजार ९८९ पुगेको छ। निको हुने दर ९७.७ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

हालसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ४९५ पुगेको छ। पछिल्लो २४ घण्टामा थप एक जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ। अहिले मृत्युदर १.४ प्रतिशत छ। त्यसैगरी पछिल्लो समय एक लाख तीन हजार २०९ जनाले खोप लगाएको मन्त्रालयले जानकारी दिएको छ। हाल सक्रिय सङ्क्रमितको सङ्ख्या सात हजार ३०३ रहेको छ।

# व्यावसायिक महिला क्लबले पर्वतमा नि: शुल्कआँखा शिविर

पोखरापत्र संवाददाता
पोखरा, ४ मंसिर



पोखरा महानगरपालीका वडा नम्वर १ शंकर टोल स्थित पोखरा व्यावसायिक महिला क्लबले पर्वतमा निः शुल्क आँखा शिविर कार्यक्रम सम्पन्न गरेको छ।

पर्वतको ढोरपाटन नगरपालिका वडा नम्वर १ स्थित बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा आयोजना गरेको शिविर आँखाको परिक्षण पछि समस्या देखीएकाहरुको अप्रेशन समेत गरिएको थियो । क्लबले जर्मनीका माईकल बाउर र साथिहरु सगै बाडेन बाडेनको आर्थिक सहयोग र हिमालय आँखा अस्पताल पोखराको प्राविधिक सहयोगमा तीनदिने शिविर सम्पन्न गरेको हो। शिविर संचालनको लागि स्थानिय रुपमा ढोरपाटन नगरपालिका, लायन्स क्लब अफ ढोरपाटन, ढोरपाटन चेम्वर अफ कर्मश र बुर्तिबाङ राईजिङ युथ क्लबले सहयोग गरेका थिए।

बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्र परिसरमा आयोजित शिविरमा विद्यालयमा अध्ययन गर्ने विद्यार्थी सगै स्थानिय वासिन्दा सगै वरिपरिका क्षेत्रवाट आएका मानिसहरुको सहभागिता रहेको क्लबकी उपाध्यक्ष एंव नि शुल्क आँखा शिविर कार्यक्रमकी संयोजक धनेश्वरी पराजुलीले जानकारी दिईन । शिविरमा आठ सय ९२ जनाको आँखा परिक्षण सगै आवश्यक औषधी वितरण गरिएको थियो । आँखा जाच गरेकाहरुमध्ये ७७ जनाको आँखामा समस्या देखीएपछि उनिहरुको अप्रेशन गरिएको संयोजक पराजुलीले जानकारी दिईन। ७७ जनामध्ये सात जनाको दुबै आँखाको अप्रेशन गरिएको थियो। विगत केही समयदेखी आँखाका कारण समस्यामा परेकाहरु शिविरमा उपचार पछी आँखा देख्न सफल भएका थिए। यस अघि कार्यक्रमको उद्घाटन ढोरपाटन नगरपालिकाका मेयर देब कुमार नेपालीले कार्यक्रमको ब्यानरमा हस्ताक्षर गरि गरेका थिए। कार्यक्रममा क्लबकी उपाध्यक्ष एंव कार्यक्रम संयोजक पराजुली, सचिब इन्दु भट्टराई र सदस्य रजनी श्रेष्ठ लगायतको उपस्थिती रहेको थियो।

क्लवले यस अघि पर्वतको मोदि गाँउपालिका ७ राम्जाठाटी स्थित पशुपति माध्यमिक विद्यालयमा, पोखरा महानगरपालिका १५ स्थित परोपकार गुरुकुल आश्रममा, पर्वतको मोदि गाउँपालिका वडा नम्वर १ सेराबेशि लगायतका स्थानमा नि शुल्क आँखा शिविर संचालन गरिसकेको छ । यसै गरि हिमालय आँखा अस्पताल पोखरालाई करिव आठ लाख मुल्य बरावरको आँखा जाच्ने मेसिन सहयोग गरेको थियो।

# लेखनाथ मार्केटिङ गुर्पको सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ४ मंसिर



पोखरा महानगरपालिका वडा नं. २७ सहेला पाखामा रहेको श्री कृष्ण बाल तथा वृद्ध आश्रममा सहयोग गरिएको छ।

साविकको लेखनाथ नगरपालिकालाई कर्म थलो बनाएर बजार व्यवस्थापन कार्य गर्दौ आएका युवाहरुको समुह मिलेर गठन भएको लेखनाथ मार्केटिङ गुर्प अफ एशोसियसनले आश्रममा करिब आठ हजार रुपैया बराबरको खाद्यान्न सामाग्रीको साथै एक थान ग्याँस सहयोग गरिएको छ । आश्रमका अध्यक्ष दुर्गा गौतमलाई एक कार्यक्रमका विच सहयोग गरिएको बताईएको छ। आश्रममा आश्रित वृद्ध वृद्धालाई सहयोग गर्न पाउदा आत्मा सन्तुष्टि मिलेको संस्थामा आवद्ध सदस्यहरुले बताएका थिए।

संस्थाका अध्यक्ष विष्णु प्रसाद काफ्लेको सभापत्तित्वमा सम्पन्न कार्यक्रमको संचालन संस्थाका सचिव सुनिल ढकाले गरेका थिए।

# लेखनाथ जेसिजको अध्यक्षमा सुजन

पोखरापत्र संवाददाता
पोखरा, ४ मंसिर



लेखनाथ जेसिजले बर्ष २०२१/२०२२ का लागि सुजन न्यौपानेको अध्यक्षतामा नयाँ कार्यसमितिको चयन गरेको छ। लेखनाथ जेसिजको शनिवार सम्पन्न २४ औं बार्षिक साधारण सभा एंव २३ औं अधिवेशनले न्यौपानेको अध्यक्षतामा नयाँ कार्यसमितिको चयन गरेको हो।

समितिको कार्यकारीणी उपाध्यक्षमा मनोज बराल र मनोज चापागाई, कानूनी सल्लाहकारमा चन्द्र प्रकाश ढुंगाना, महासचिव कृष्ण तिवारी, सचिवमा मौसम बराल र कोषाध्यक्षमा प्रकाश राईभाट रहेका छन् । यसैगरी समितिको चारजना उपाध्यक्षमा कृष्ण बास्तोला, पर्वलमणि भण्डारी, प्रज्वल नरेन्द्र बास्तोला र सुजन तिमिल्सेना रहेका छन्। यसैगरी शाखा सम्पादकमा अमृत पौडेल र बृद्धि सभापतिमा सर्वेन्द्र न्यौपाने चयन भएका छन्।

यसअघि अधिवेशनको उद्घाटन गर्दै जिल्ला समन्वय समिति कास्कीका प्रमुख वैन बहादुर क्षेत्रीले सुखी नेपाली समृद्ध नेपालको सपना साकार पार्नका लागि बैदेशिक रोजगारमा रहेका नेपालीहरुलाई नेपालमा भिकाई शिपमुलक तालिम दिईनु पर्नेमा जोड दिए। उनले युवाहरुलाई नेपालमा भिकाउनु पर्ने, शिपमुलक तालिम शिकाउनु पर्ने र उनिहरुलाई नेपालमै टिकाउनु पर्नेमा जोड दिए। युवाजनशक्तिलाई नेपालमा भिकाएर शिपमुलक तालिम सिकाउने र उनिहरुलाई नेपालमै रोजगारीको अवस्था सिर्जना गरी यही टिकाउनु पर्नेमा जोड दिर्दै, उनिहरुबाट उत्पादन भएका बस्तु तथा सेवाको बजारीकरण गरी बिक्री वितरणको व्यवस्था मिलाउनु पर्ने बताए।

पोखरा जेसिजका पूर्व अध्यक्ष एवं नेपाल जेसिजको ४८ औं महाधिवेशन आयोजक समितिका निर्देशक ईश्वर कर्माचार्यले देशभरका जेसिजहरुलाई पौषको पहिलो हप्ता पोखरामा उतारेर आन्तरिक पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने बताए। उनले नेपाल जेसिजको महाधिवेशनले गण्डकी प्रदेशको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने उल्लेख गर्दै सहयोगका लागि आग्रह गरे।

लेखनाथ जेसिज बर्ष २०२०/२०२१ का अध्यक्ष नबराज पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा लेखनाथ उद्योग बाणिज्य संघका अध्यक्ष छत्रधर आत्रेय, पोखरा महानगरपालिका वडा नं २९ का वडाध्यक्ष चेतबहादुर गुरुङ्ग, पोखरा जेसिजका निर्वतमान अध्यक्ष शिवप्रसाद सापकोटा, लेखनाथ जेसिजका पूर्व अध्यक्ष ऋषिराम जमरकट्टेल लगायतले नेतृत्व विकासका लागि जेसिजमा आवद्ध हुन युवाहरुलाई आब्हान गरे।

कार्यक्रममा स्वागत मन्तव्य प्रकाश राईभाट र संचालन चन्द्रप्रकाश ढुंगानाले गरेका थिए। सोही कार्यक्रममा लेखनाथ जेसिजका विभिन्न कार्यक्रमहरुमा सहयोग गर्ने विभिन्न संघसंस्था र व्यक्तिहरुलाई सम्मान समेत गरिएको थियो।